## खण्ड १: सामूहिक दुर्घटना बीमालेख

यस बीमालेख बहाल रहेको अवधिभर कुनै पनि समयमा बीमित सदस्यलाई कुनैं प्रबल, बाहिरी तथा देख्न सकिने माध्यबाट हुनगएको दुर्घटनाको एक मात्र वा प्रत्यक्ष कारणबाट मृत्यु वा कुनै शारीरिक अंगभंग हुन गएमा कम्पनीले यस बीमालेखको अनुसुचीमा उल्लेखित सुविधाहरुको अधिनमा रही देहाय बमोजिमको लाभको तालिकाको अनुसार भुक्तानी दिइनेछ ।

| लाभको तालिका | | |
|---|---|---|
| खण्ड | घटना | लाभ |
| | दुर्घटना घटेको १८३ दिन भित्र त्यस्तो दुर्घटनाको एक मात्र वा प्रत्यक्ष कारणबाट बीमितको | |
| (क) | मृत्यु भएमा | बीमाङ्करकमको १००% |
| (ख) | स्थायी पूर्ण अशक्तता भएमा<br>अ) निको नहुने गरी दुवैं आँखाको दृष्टि पूर्ण क्षति भएमा, वा<br>आ) दुबै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने भएमा, वा<br>इ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा | बीमाङ्करकमको १००% |
| (ग) | स्थायी आंशिक अशक्तता भएमा<br>अ) एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा, वा<br>आ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारीरिक रुपले काम नलाग्ने गरी क्षति भएमा, वा<br>इ) बोल्ने क्षमता पूर्ण रुपले क्षति भएमा<br>ई) दुवै कानको सुन्ने शक्ति पूर्ण रुपले क्षति भएमा | बीमाङ्करकमको १००% |
| (घ) | अन्य कुनै अंग भंग भएमा | सम्बन्धित विशेषज्ञले शारीरिक क्षतिको समानुपातिक हुने गरी निर्धारण गरेको बीमाङ्को प्रतिशत । |

द्रष्टव्य: :

क) माथि उल्लेखित भएको हात, खुट्टा वा आँखाको दृष्टिको क्षति भई भविष्यमा निको हुने वा नहुने यकिन हुन नसकेको अवस्थामा दुर्घटना भएको दिन १८३ दिन सम्म निको नभएमा पूर्ण रुपले क्षति भएको मानिनेछ ।

ख) माथि उल्लेखित एक भन्दा बढी दावी योग्य घटनाहरु भएमा प्रत्येक घटनाको लागि निर्धारित रकम र कूल भुक्तानी रकम सम्बन्धित बीमितको बीमाङ्क रकम भन्दा बढी हुने छैन ।

## १.१ दावी नपाइने अवस्थाहरु (अपवाद)

देहायको अवस्थामा दावी भुक्तानी गरिने छैन :

१. जानी जानी आफैंले लगाएको चोट, आत्महत्या वा आत्महत्याको प्रयास
२. मादक पेय, लागू पदार्थ औषधि वा उन्मादक पदार्थ सेवनको कारणबाट
३. प्रचलित कानुन बमोजिम अनुमति प्राप्त हवाई जहाज वा तातो हावाको मद्दतबाट उडेने बेलुनमा यात्रीको रुपमा यात्रा गर्दा बाहेक,
४. .घोडा दौड, बन्जी जम्पिङ्ग, प्यारा ग्लाइडिङ्ग, साइकल, मोटर साइकल वा अन्य कुनै प्रकारको सवारी साधनको दौड, पर्वतारोहण, हिउँमा खेलिने खेलहरु लगायत कुनै पनि प्रकारका जोखिमपूर्ण खेलहरुमा संलग्न भएमा,
५. कुनै कानून उल्लंघन गर्दा उत्पन्न भएको वा सो को परिणाम स्वरुप भएको घटना
६. दुर्घटनाबाटनभई भएको उदवेग वा स्नायू सम्बन्धी चोट वा खराबी,
७. मानव जीवन रक्षागर्ने प्रयास बाहेक अनावश्यक खतरा मोल्ने कार्य,
८. युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, घोषित वा अघोषित, गृह युद्ध, सैनिक विद्रोह, राज्य क्रान्ती तथा युद्ध समानका घटनाहरु,
९. आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको पदार्थबाट निस्कने रेडियो धर्मिता, आणविक हातहतियार वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपामा भएको घटना,
१०. बीमामा समावेश भएको दुर्घटनाको परिणम स्वरुप हुने कुनै पति क्षति(Consequential Loss of any nature)